विधेयक संख्या :

# विनियोजन विधेयक

**२०७६**

**नरहरीनाथ गाउँ सभा सचिवालय,**

कुमालगाउँ, कालिकोट ।

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि नरहरीनाथ गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले नरहरीनाथ गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न विषयगत शाखा र वडाहरुले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

**द्रस्टव्य : यो विधेयक अर्थ विधेयक हो ।**

**उपाध्यक्ष**

# विनियोजन ऐन, २०७६

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि नरहरीनाथ गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः**

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि नरहरीनाथ गाउँपालिकाको स्थानीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,
स्थानीय सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम नरहरिनाथ गाउँपालिकाको **विनियोजन ऐन, २०७६** रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजीगत खर्च गरी जम्मा रकम रु ३७,०९,९३,०००।- (सैंतीस करोड नौ लाख त्रियानब्बे हजार ) अनुमानित अल्या ३,५२,७२,८८७ ( तीन करोड वाउन्न लाख वहत्तर हजार आठ सय सतासी) गरी जम्मा ४०,६२,६५,८८७ ( चालीस करोड वैसट्टी लाख पैसट्टी हजार आठ सय सतासी)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) स्थानीय सञ्चित कोषबाट विनियोजित रकम खर्च गर्ने सम्बन्धमा गाउँ सभाले गाउँ कार्यपालिकालाई र गाउँ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई खर्चका लागि यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्रत्यायोजन हुने व्यवस्था मिलाउनुपर्ने छ ।

(३) अन्यथा जेसुकै लेखिएको भए तापनि कुनै परिस्थिति र कारणले खर्चको अधिकार प्रत्यायोजन हुन नसकेको खण्डमा ऐनको दफा (२) को उपदफा (२) बमोजिम भएको मानिने छ ।

**३. विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त नरहरिनाथ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै पनि शिर्षकमा रकम अपुग हुन गएमा अर्को कुनै शीर्षकबाट नपुग हुने शीर्षकमा गाउँ कार्यपालिकाको निर्णयले

रकमान्तर गर्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ ।

(३) पूँजीगत शिर्षकमा विनियोजित रकम र चालु खर्चमा विनियोजित रकम तत् तत् शिर्षकमा मात्र रकमान्तर गर्न सकिने छ ।

अनुसूची -१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | शीर्षकको नाम | चालु खर्च रू | पूँजीगतखर्च रू | बित्तीयब्यवस्था | जम्मा रकम रू |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | | | | |
| २ | वडा पालिका | | | | |
| ३ | सम्पूर्ण विषयगत शाखा | | | | |
| ४ | विषयगत शाखा सशर्त | १६,५०,००,०००।- | ० | ० | १६,५०,००,०००।- |
| | | | | | |